# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः९ | संख्याः ३४ | प्रमाणिकरण मितिः २०८३/०३/२७


भाग १

## जीतपुरसिमरा उपमहानगरपालिका

## शिक्षा ऐन, २०७५ (पहिलो संशोधन), २०८३

शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**प्रस्तावनामा संसोधनः** "विद्यालयको" भन्ने शब्दको सट्टामा "विद्यालय र शैक्षिक संस्थाको" भन्ने शब्दहरु राखिएका छन्।

१. **सङक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम शिक्षा ऐन (पहिलो संसोधन), २०८३ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा ऐन, २०७५ को दफा १३ मा उपदफा (१) पछी उपदफा (२) थपः** स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विकास एवं परिमार्जन गर्न स्थानीय पाठ्यक्रम विकास केन्द्र रहनेछ। सो केन्द्रमा तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास एवं परिमार्जन समिति रहनेछ।

क. शिक्षा महाशाखा प्रमुख/उपसचिव तहको कर्मचारी - संयोजक

ख. सामुदायिक विद्यालयका माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको १/१ जना गरी नगर प्रमुखद्धारा मनोनित सम्बन्धित विषयका विज्ञ शिक्षकहरु ३ जना - सदस्य

ग. शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृत - सदस्य सचिव

आवश्कता अनुसार समितिले अन्य व्यक्तिलाई विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

३. **शिक्षा ऐन, २०७५ को दफा १३ मा उपदफा (२) पछी उपदफा (३) थपः** उपदफा २ बमोजिमको समितिले आवश्यकता अनुसार स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

४. **दफा १५ (१) को खण्ड ११ र १२ मा संशोधनः** "सामुदायिक विद्यालयहरूमध्ये आधारभूत तह र माध्यमिक तहमा कार्यरत स्थायी सेवा भएका २ जना शिक्षकहरू (शिक्षा समितिको मनोनयन)" भन्ने शब्दहरुको सट्टामा "उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरूमध्ये १ महिलासहित वरिष्ठतम् शिक्षक २ जना - सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

५. **दफा १५ को उपदफा (४) पछि उपदफा (५) थपः** उपमहानगरपालिका अन्तर्गतका प्रत्येक वडामा वडा शिक्षा समिति रहने छ । वडा शिक्षा समितिमा देहायका सदस्यहरु रहनेछन्:-

**क.** सम्बन्धित वडा अध्यक्ष - संयोजक

**ख.** सम्वन्धित वडा सदस्यहरु - सदस्य

**ग.** वडा शिक्षा समितिले वडाका अल्पसंख्यक, अपाङ्ग मध्येबाट मनोनित गरेका १ जना - सदस्य

**घ.** वडा शिक्षा समितिले वडाका शिक्षाप्रेमीहरु मध्येवाट मनोनित गरेका १ जना - सदस्य

**ङ.** आधारभूत र माध्यमिक तहको शिक्षकहरूमध्ये वडा समितिद्धारा मनोनित १ महिलासहित २ जना - सदस्य (माध्यमिक तहको बिद्यालय नभएमा आधारभूत तहबाट मात्रै शिक्षक छनौट गर्न सकिनेछ )

**च.** सम्वन्धित वडाको वडा सचिव - सदस्य सचिव

६. **दफा १६ को उपदफा (१) को खण्ड (ख) मा संशोधनः** "नगर कार्यपालिकामा तोकिएको" भन्ने शब्दहरुको सट्टामा "नगरपालिकामा सूचीकृत भएका" भन्ने शब्दहरु राखिएका छन् ।

७. **दफा १६ को उपदफा (१) को खण्ड (ग) मा संशोधनः** "सम्बन्धित विद्यालय निरिक्षक" भन्ने शब्दहरुको सट्टामा "शिक्षा महाशाखा/शाखा प्रमुख" भन्ने शब्दहरु राखिएका छन् ।

८. **दफा १६ को उपदफा (२)** पुरै हटाईएको छ ।

९. **दफा १६ को उपदफा (२) पछि उपदफा (३) थपः** विद्यालय व्यवस्थापन समितिले रिक्त पदमा शिक्षक/कर्मचारी छनौटको जिम्मा नगर शिक्षक छनौट समितिलाई दिन सक्नेछ। तर विद्यालय व्यवस्थापन समिति नभएको अवस्थामा नगर शिक्षक छनौट समितिले स्वत: छनौट सम्बन्धि कार्य गर्नेछ ।

१०. **दफा १६ को उपदफा (३) पछि उपदफा (४) थपः** नगर शिक्षक छनौट समितिमा देहायका सदस्यहरु रहनेछन:-

क. शिक्षा महाशाखा प्रमुख/उपसचिव तहको कर्मचारी - संयोजक

ख. नगरपालिकामा सूचिकृत विज्ञहरु मध्ये उपलब्ध भएसम्म १ जना महिलासहित २ जना - सदस्य

ग. उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत रहेकामध्ये सम्बन्धित तहको वरिष्ठतम् शिक्षक - सदस्य

घ. शिक्षा अधिकृत - सदस्य सचिव

११. **दफा १६ को उपदफा (४) पछि उपदफा (५) थपः** नगर शिक्षक छनौट समितिले शिक्षक छनौटका लागि विद्यालयहरुबाट रिक्त पद संख्या माग गरी एकमुष्ट विज्ञापन गरी एकैचोटी एउटै मितिमा खुल्ला प्रतियोगितात्मक परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

१२. **दफा १९ को उपदफा (१) को खण्ड (क)** पुरै हटाईएको छ ।

**१३. दफा १९ उपदफा (१) को खण्ड (क) पछि क (१) थपः** विद्यालयका अभिभावकहरुले आफूहरुमध्येवाट छानेका व्यक्ति - अध्यक्ष

**१४. दफा २० को उपदफा (२)** पुरै हटाईएको छ ।

**१५. दफा २० को उपदफा (२) पछि उपदफा २ (क) थपः** विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भएको १५ दिन सम्म गठन प्रकृयामा नगएमा वा गठन नभएमा वडा समितिले उपदफा २ (ख) बमजिमको समिति सिफारिस गरे पश्चात् नगर प्रमुखले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ। तर कानून अनुसार विद्यालय व्यवस्थापन समिति गठन भएपछि अस्थायी विद्यालय व्यवस्थापन समिति स्वतः विघटन हुनेछ ।

**१६. दफा २० को उपदफा २ (क) पछि उपदफा २ (ख) थपः** अस्थायी विद्यालय व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहनेछन्:

क. सम्बन्धित विद्यालयका अभिभावकहरुमध्येबाट १ जना - अध्यक्ष

ख. दलित तथा अल्पसङ्ख्यक समुदायबाट १ जना - सदस्य

ग. महिला अभिभावक १ जना - सदस्य

घ. शिक्षकले आफूहरुमध्येबाट छानि पठाएको १ जना - सदस्य

ङ. सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

**१७. दफा २० को उपदफा २ (ख) पछि उपदफा २ (ग) थपः** अस्थायी विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार शिक्षा ऐन, नियमावली र कार्यविधिमा तोकिए अनुसार हुनेछ ।

**१८. दफा ३९ को उपदफा (२) मा संशोधनः** "वडा समितिको सिफारिसमा कार्यसम्पादन र कार्यजिम्मेवारीको आधारमा पुनः नियुक्ति हुन सक्नेछ ।" भन्ने वाक्य हटाईएको छ ।

**१९. दफा ३९ को उपदफा (४) पछी उपदफा (५) थपः** दफा १६ (१) को शिक्षक छनौट समितिले नै प्रधानाध्यापक छनौटको कार्य गर्ने गर्नेछ ।

**२०. दफा ३९ को उपदफा (५) पछी उपदफा (६) थपः** विद्यालय व्यवस्थापन समितिले रिक्त प्रधानाध्यापक छनौटका लागि नगर शिक्षक छनौट समितिलाई जिम्मा दिन सक्नेछ। तर विद्यालय व्यवस्थापन समिति नभएको अवस्थामा नगर शिक्षक छनौट समितिले प्रधानाध्यापकको छनौट प्रकृया गर्नेछ ।

**२१. दफा ३९ को उपदफा (६) पछी उपदफा (७) थपः** सम्बन्धित विद्यालयमा प्रधानाध्यापकको लागि योग्यता पुगेको शिक्षकहरूको सहमति सहित विद्यालय व्यवस्थापन समितिले निर्णय गरी उपमहानगरपालिकाभित्रका योग्यता पुगेका शिक्षकहरूलाई प्रधानाध्यापकको लागि दरखास्त आह्वान गर्न सक्नेछ ।

**२२. दफा ३९ को उपदफा (७) पछी उपदफा (८) थपः** विज्ञापन भएको विद्यालयमा अन्य विद्यालयका शिक्षक प्रधानाध्यापक छनौट भएमा उपमहानगरपालिकाले शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**२३. दफा ३९ को उपदफा (८) पछी उपदफा (९) थपः** प्रधानाध्यापक छनौट नहुँदासम्म विद्यालयमा कार्यरत वरिष्ठतम् स्थायी शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको जिम्मेवारी दिई तत्काल प्रधानाध्यापक छनौट प्रक्रिया अगाडि बढाउनु पर्नेछ। तर विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक छनौट प्रक्रिया अगाडि नबढाएको खण्डमा नगर शिक्षक छनौट समितिले प्रधानाध्यापक पद रिक्त भएको १ महिनाभित्र प्रधानाध्यापक छनौटको प्रक्रिया सुरु गर्न सक्नेछ ।

२४. **दफा ४१ मा उपदफा (३) पछी उपदफा (४) थपः** उपमहानगरपालिकाभित्र शिक्षकको मर्यादाक्रम देहाय बमोजिम कायम गरिएको छः

क. माध्यमिक शिक्षक प्रथम श्रेणी - नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहको सह-सचिव एवं राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको अधिकृत

ख. माध्यमिक शिक्षक द्धितिय श्रेणी - नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहको उप-सचिव एवं राजपत्राङ्कित द्धितिय श्रेणी वा सो सरहको अधिकृत

ग. माध्यमिक शिक्षक तृतीय श्रेणी - नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहको शाखा अधिकृत एवं राजपत्राङ्कित तृतीय श्रेणी वा सरहको कर्मचारी

घ. निम्न माध्यमिक तह प्रथम श्रेणी, निम्न माध्यमिक तह द्धितीय श्रेणी, निम्न माध्यमिक तह तृतीय श्रेणी, प्राथमिक प्रथम श्रेणी, प्राथमिक तह द्धितीय श्रेणी, प्राथमिक तह तृतीय श्रेणीका शिक्षकहरूको मर्यादाक्रम समेत नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहको समान तहका कर्मचारी अनुसारको मर्यादक्रम कायम रहनेछ ।

ङ. प्रधानाध्यापकहरूको मर्यादाक्रम जुन तह र श्रेणीको शिक्षक हो सोही बमोजिमको मर्यादाक्रम रहनेछ ।

च. उपमहानगरपालिकाभित्र माथि उल्लेखित मर्यादाक्रम लागू हुनेछ र औपचारिक सभा समारोहहरूमा सोही अनुसारको आसन एवं उपस्थिति गराउनु पर्नेछ ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका